दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्ष : ९** **प्रमाणीकरण मिति : २०८२।०६।०२**

**संख्या : १** **प्रकाशन मिति : २०८२।०६।०५**

**भाग -३**

## दमक नगरपालिकाको भू-उपयोग (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रस्तावनाः “दमक नगरपालिकाको भू-उपयोग कार्यविधि, २०७९” लाई संशोधन गर्न वाञ्छनीय भएकोले, दमक नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "दमक नगरपालिकाको भु-उपयोग (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दमक नगरपालिकाको भु-उपयोग कार्यविधि २०७९ को अनुसुचि २ मा संशोधनः- (१) दमक नगरपालिकाको भु-उपयोग कार्यविधि २०७९ (यस पछी मुल कार्यविधि भनिने छ।) अनुसुचि २ मा रहेको "वडा नं. १ को व्यवसायिक क्षेत्र को सि.नं.२ को " को सट्टामा" सि.नं. २. नगरपालिका चोक देखी दुरसंचार रोड हुदै श्रीपालिचोक १०० मिटर भित्र सम्म" भन्ने वाक्यांश राखिएको छ।

(२) मुल कार्यविधिको अनुसुचि २ मा रहेको " वडा नं. १ को व्यावसायिक क्षेत्र को सि.नं. १० पछी थप गरी निम्न व्यवस्था गरीएको

सि.नं. ११ बेलडाँगि रोडबाट सत्तासी मार्गमा पूर्व तर्फ १८० मिटर सम्मको उत्तर दक्षिण दुवै तर्फको बाटोले छोएको आसपासको क्षेत्र।

(३) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. २ को व्यावसायिक क्षेत्रमा सि.नं १ थप गरी निम्न व्यवस्था गरीएको

सिं.नं. १ ताराबारी मदन डाँगि डिपु सडकको उत्तर तर्फको ताराबारी मदन डाँगि डिपु सडकले छोएको आसपासको क्षेत्र।

(४) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ४ को व्यवसायिक क्षेत्रमा सि.नं १ पछि थप गरी निम्न व्यवस्था गरीएको

सिं.नं. २ लोकमार्ग सँग जोडिएका मावा पुल सम्मका ५० मिटर भित्रका क्षेत्र ।

(५) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ४ को आवसिय क्षेत्रमा सि.नं ४ पछि थप गरी निम्न व्यवस्था गरीएको

सिं.नं. ५ रिङ्ग रोड सडकले छोएको पूर्व र पश्चिम तर्फको १०० मिटर भित्रका क्षेत्र ।

(६) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ४ को औद्योगिक क्षेत्र को "सि.नं.१ को रहेको व्यवस्थाको सट्टामा" सि.नं. १. उद्योग रहेको क्षेत्र " भन्ने वाक्यांश राखिएको छ।

(७) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ५ को व्यवसायिक क्षेत्रमा सि.नं ७ पछि थप गरी निम्न व्यवस्था गरीएको

सिं.नं. ८ बानेश्वर हाइटमार्गको पूर्व र स्वर्गद्वारी मार्गको दक्षीण तर्फको सम्पूर्ण क्षेत्र ।

सि.नं.९ ताराबारी मदन डाँगि डिपु सडकको दक्षिण तर्फको ताराबारी मदन डाँगि डिपु सडकले छोएका आसपासको क्षेत्र।

सि.नं.१० भानुभक्त चोक देखी श्रेष्ठ चोक सम्म सडकले छोएका आसपासको क्षेत्र।

(८) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ७ को व्यवसाय क्षेत्र को सि.नं.१ देखि सि. नं.५ सम्म भएको व्यवस्थालाई हटाई निम्म व्यवस्था राखिएको छ।

सि.नं. १. लोकमार्ग देखि दमक नगरपालिका चोक हुदै श्रीपालि चोक हुदै रिङ्ग रोड, गाइडबाँध रोड हुदै लोकमार्ग भित्रका सम्पूर्ण क्षेत्र।

सि.नं. २ रिङ्गरोडले छोएका आसपासका क्षेत्र।

(९) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. ८ को सार्वजिक क्षेत्रमा को सि.नं २ पछि थप गरी निम्न व्यवस्था गरीएको

सिं.नं. ३ पशुपति सस्कृतिक मा. वि. को स्वमित्वमा रहेको जग्गा।

(१०) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. १० को औद्योगिक क्षेत्र को "सि.नं. १ को रहेको व्यवस्थाको सट्टामा" १. उद्योग रहेको क्षेत्र "भन्ने वाक्यांश राखिएको छ।

(११) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. १० को आवास क्षेत्रमा सि.नं. ५ पछि थप गरी निम्न व्यवस्था गरीएको

सि.नं. ५ क. रिङ्ग रोड दक्षीण पूर्व रतुवाखोला पट्टी १०० मिटर आसपासको क्षेत्र।

(१२) मुल कार्यविधिको अनुसुचि २ मा रहेको "वडा नं. १० को कृषी क्षेत्रमा सि.नं. ३ पछि थप गरी निम्न व्यवस्था गरीएको

सि.नं. ४ रिङ्ग रोड दक्षीण पूर्व रतुवाखोला पट्टी १०० मिटर भन्दा बाहिरको क्षेत्र।

आज्ञाले

गणेशराज कार्की

प्रमुख प्रशासकिय अधिकृत